# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७८/७९
च. नं.

# पाँचथर जिल्लामा जिल्लास्तरीय सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

फागुन २३ गते आइतवार

राष्ट्रिय सूचना आयोगको आयोजनामा पांचथर जिल्लाको फिदिममा जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। पांचथर जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णु प्रसाद सापकोटाले कार्यक्रमको उद्घाटन गर्दै सूचनाको हक लोकतन्त्रको महत्वपर्ण हक भएको विचार व्यक्त गर्दै आफ्नो र जिल्ला समन्वय समितिको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै प्रमुख सापकोटाले सार्वजनिक निकायका साथीहरुले उठाएका विषयमा आयोग सम्वेदनशील हुन, सूचनाको हकको प्रवर्द्धनमा सवै लाग्नु पर्ने, आयोगले पांचथरमा कार्यक्रमआयोजना गरेकोमा धन्यवाद दिनु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हक लोकतान्त्रिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्न पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नु भन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने गरी सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने, निकायका निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदा अपडेट गर्दै जान पर्ने, पर्याप्त सूचना प्रवाह गर्नपर्ने जस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो । सूचना प्रदानकर्ताका समस्याहरु प्रति आयोग सम्वेदनशील रहेको र समस्या सुल्झाउन तत्पर

रहेको पनि विचार व्यक्त गर्नु भयो । स्थानीय तहहरुले सूचनाको हकका लागि पर्याप्त बजेट विनियोजन गर्न पनि सुझाव दिनु भयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारीले लोकतान्त्रिक पद्धतिको विकास संगै मौलिक हकहरुको व्यवस्था हुंदै गएको र सूचनाको हक प्रवर्द्धनमा पांचथर जिल्लाका सार्वजनिक निकायहरु प्रतिवद्ध रहेको विचार व्यक्त गर्दै प्रत्यक महिना सूचना अधिकारीको वैठक तथा तिन/तिन महिनामा स्वत प्रकाशन गर्ने गरेको जानकारी दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, कति समय अगाडी सम्मको सूचना दिन पर्ने हो, अन्य जिल्लाका नागरिकले पांचथर जिल्लाका निकायको सूचना किन माग गर्ने, छुट्टै सूचना अधिकारीको व्यवस्था हुनु पर्ने, कर्मचारीको अभावमा सूचना समयमा उपलव्ध गराउन बाधा पुग्ने गरेको, सूचना माग गर्ने गिरोह नै पो छन कि, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने जस्ता जिज्ञाशा तथा सूचनाको हक सम्बन्धी कानून नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

कार्यक्रम सञ्चालन आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले र स्वागत मन्तव्य आयोगका अर्का उपसचिव श्री सीता निरौलाले गर्नु भएको थियो ।

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता